म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ६८ २०८० माघ १२ गते शुक्रबार 26 January 2024, Friday - पृष्ठ ४ मूल्य रू. ५/-




## राष्ट्रियसभा निर्वाचन

# बागमतीमा सत्ता गठबन्धनका उम्मेदवार विजयी

समाज संवाददाता

हेटौंडाः राष्ट्रियसभा सदस्य निर्वाचनमा बागमती प्रदेशबाट सत्ता गठबन्धनका उम्मेदवार विजयी भएका छन्। बिहीबार हेटौंडा-४ स्थित भूटनदेवी मावि मतदान केन्द्रमा सम्पन्न निर्वाचनबाट विष्णुकुमारी पुडासैनी, घनश्याम रिजाल विश्वकर्मा, जीतजंग बस्नेत र श्रीकृष्ण अधिकारी निर्वाचित हुनुभएको छ।


पुडासैनी र बस्नेत नेपाली कांग्रेसबाट उम्मेदवार हुनुहुन्थ्यो भने विश्वकर्मा नेकपा एकीकृत समाजवादी र श्रीकृष्ण अधिकारी नेकपा माओवादी केन्द्रबाट उम्मेदवार हुनुहुन्थ्यो। बागमती प्रदेशमा ४ सिटका लागि ६ दलबाट १५ जनाले उम्मेदवारी दर्ता गराएका थिए। निर्वाचनमा नेपाली कांग्रेसका २, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टीका १/१ जना उम्मेदवारले जित हासिल गरेका छन्।

निर्वाचनमा बागमती प्रदेशबाट महिला कोटातर्फ कांग्रेसकी विष्णुदेवी पुडासैनी विजयी हुनुभएको छ। पुडासैनीले ६ हजार ६ सय २२ मतभारसहित विजय प्राप्त गर्दा उहाँका निकटतम प्रतिद्वन्द्वी एमालेकी रोचकुमारी चौलागाईंले २ हजार ५ सय ५२ मत प्राप्त गर्नुभयो। दलिततर्फ एकीकृत समाजवादीका घनश्याम रिजाल ६ हजार ५ सय १२ मतभारसहित विजयी हुँदा उहाँका निकटतम प्रतिद्वन्द्वी एमालेका ध्रुवराज विकले ३ हजार ५२ मत प्राप्त गर्नुभयो।

निर्वाचनमा ३ सय ४७ मतदातामध्ये ३ सय ४२ जनाले मतदान गरेका छन्। स्थानीय तहका प्रमुख र उपप्रमुख २ सय ३७ जनामध्ये २ सय ३४ जना र प्रदेशसभाका सदस्यहरु १ सय १० जनामध्ये १ सय ८ जनाले मतदान गरेका हुन्। बिहीबार बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म मतदान समय तोकिएकोमा ३ सय ४२ जनाले मतदान गरेका हुन्। स्थानीयतर्फ ९८.७३ प्रतिशत र प्रदेशतर्फ ९८.१८ प्रतिशत मत खसेको छ।

निर्वाचनमा काठमाडौं महानगर पालिका प्रमुख बालेन्द्र शाह (बालेन)सहित ५ जना मतदाता अनुपस्थित भएका छन्। निर्वाचनमा बागमती प्रदेशसभामा नेतृत्व गर्ने हाम्रो नेपाली पार्टीका सांसदहरु अनुपस्थित भएका हुन्। पार्टीका बागमती प्रदेश संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्य र सांसद सरिता खड्की मतदान गर्न अनुपस्थित हुनुभएको हो।

स्थानीय तहतर्फ मतदानमा अनुपस्थित हुनेहरुमा नुवाकोटको किस्पाङ गाउँपालिकाका अध्यक्ष वीरबल तामाङ र काभ्रेपलाञ्चोकको चौंरी देउराली गाउँपालिकाका उपाध्यक्ष शेरबहादुर लामा रहेका छन्। जसमध्ये किपसाङका प्रमुख तामाङ ठगी मुद्दामा फरार छन् भने चौंरी देउरालीका उपप्रमुख लामा स्वास्थ्यमा समस्या भएका कारण अनुपस्थित भएको बुझिएको छ।




## राष्ट्रिय सभा सदस्य निर्वाचन २०८०

# बागमतीबाट जित्ने को को हुन् ?



**जीतजंग बस्नेत**

सत्ता गठबन्धनका तर्फबाट नेपाली कांग्रेसले बागमती प्रदेशको अन्य क्लस्टरमा जीतजंग बस्नेतलाई उम्मेदवार बनाएको थियो। कांग्रेसको विद्यार्थी र युवा संगठनको नेतृत्व गरिसकेका बस्नेत संस्थापन पक्षबाट राष्ट्रियसभा सदस्य पदका उम्मेदवार बन्नुभएको हो।

पार्टीमा बालकृष्ण खाँण निकटका उहाँ २०५३ सालमा त्रिभुवन विश्वविद्यालयको स्ववियु सदस्य हुनुभयो। २०५७ मा नेपाल विद्यार्थी संघ (नेविसंघ) त्रिभुवन विश्वविद्यालयको सभापति चुनिनुभएका उहाँ २०६५ मा नेविसंघको महामन्त्रीसमेत हुनुभयो। त्यसपछि तरुण दलको विभिन्न पदमा रहेर काम गर्नुभएका उहाँ २०७३ मंसिर तरुण दलको अध्यक्ष हुनुभयो। तरुण दलको अध्यक्ष, नेविसंघका महामन्त्री भइसक्नुभएका उहाँ २०७८ मा भएको कांग्रेसको १४ औं महाधिवेशनबाट केन्द्रीय सदस्य निर्वाचित हुनुभएको थियो। उहाँले राजनीतिशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ।



**विष्णुदेवी पुडासैनी**

सत्ता गठबन्धनबाट महिला क्लस्टरमा नेपाली कांग्रेसले विष्णुदेवी पुडासैनीलाई उम्मेदवार बनाएको थियो। २००७ सालमा जन्मनुभएका उहाँ नेपाल महिला संघ काठमाडौंकी अध्यक्ष हुनुहुन्छ। कांग्रेस नेता प्रकाशमान सिंह निकट उहाँ २०३३ सालबाट विद्यार्थी संगठनको राजनीतिमा सक्रिय हुनुभएको हो।

२०३३ सालमै कांग्रेसले सुरु गरेको गाउँफर्क अभियानअन्तर्गत् उहाँले तत्कालीन भद्रवास गाविसको वडा अध्यक्षको जिम्मेवारी पाउनुभयो। सो पदमा उहाँले करिब ४ महिनामात्र काम गर्नुभयो। त्यसपछि कांग्रेसको विभिन्न संरचनामा बसेर उहाँले काम गरी २०४९ मा भद्रवास गाविस अध्यक्ष पदमा निर्वाचित हुनुभयो। सो निर्वाचनमा उहाँ बागमती अञ्चलको एकमात्र महिला अध्यक्ष हुनुहुन्थ्यो।

कांग्रेसको १० औं महाधिवेशनदेखि उहाँले निरन्तर महासमिति सदस्यका रूपमा जिम्मेवारी सम्हाल्दै आउनुभएको छ भने संघीयता कार्यान्वयन अघि उहाँले जिविस काठमाडौंको उपाध्यक्ष भएर काम गर्नुभएको थियो। उहाँ २०५८ देखि हालसम्म नेपाल महिला संघ काठमाडौंको अध्यक्ष हुनुहुन्छ।



**श्रीकृष्ण अधिकारी**

सत्ता गठबन्धनबाट एक सिट पाएको माओवादी केन्द्रले जनयुद्धका घाइते तथा अपाङ्गता भएका नुवाकोटका श्रीकृष्ण अधिकारीलाई उम्मेदवार बनाएको थियो। माओवादी सशस्त्र द्वन्द्वका क्रममा उहाँ घाइते हुनुभएको थियो। उहाँ २०५३ साल पुस १९ गते रामेछापको बेथान चौकी आक्रमणका क्रममा घाइते हुनुका साथै एउटा आँखा गुमाउनु परेको थियो। तत्कालीन नेकपा मसालबाट २०३६ सालमा राजनीति सुरु गर्नुभएका उहाँ हाल माओवादी केन्द्रको सम्पर्क-समन्वय प्रदेश कमिटी अध्यक्ष हुनुहुन्छ।



**घनश्याम रिजाल विश्वकर्मा**

सत्ता गठबन्धनमा बागमतीको एक सिट (दलित क्लस्टर) भाग पाएको एकीकृत समाजवादीले घनश्याम रिजाल विश्वकर्मालाई उम्मेदवार बनाएको थियो। व्यवसाय र राजनीतिमा सक्रिय विश्वकर्मा नेपाल सुनचाँदी कला व्यवसायी संघको केन्द्रीय अध्यक्ष हुनुहुन्छ। च्छोरोल्पा गोल्ड एण्ड सिल्भर ज्वेलर्स दोलखाका प्रोप्राइटर विश्वकर्माले एमालेबाट राजनीतिक जीवन थाल्नुभएको थियो। उहाँ एकीकृत समाजवादी दोलखाका उपाध्यक्ष हुनुहुन्छ।



## सम्पादकीय

# बालमैत्री शासनको बेहाल

नेपालकै पहिलो बालमैत्री शासनयुक्त स्थानीय तह घोषणा भएको मनहरी गाउँपालिकामा बालमैत्री शासन छैन । करिब ४ वर्षअघि तामझामका साथ देशकै पहिलो बालमैत्री गाउँपालिका घोषणा गरिएको मनहरी गाउँपालिकामा अहिले पनि बालबालिकाले बालमैत्रीको अनुभूति गर्न पाएका छैनन् । मनहरी गाउँपालिकाका बाल अधिकारकर्मीले बालमैत्री घोषणा सार्थक हुन नसकेको भन्दै बालमैत्री अभियानलाई निरन्तरता दिन माग गरेका छन् । उनीहरुले गाउँपालिका अध्यक्षलाई ध्यानाकर्षणपत्र बुझाउँदै बालमैत्री शासनलाई निरन्तरता दिन गर्नुपर्ने काममा कमी कमजोरी भएको भन्दै ध्यानाकर्षणपत्र बुझाएका हुन् । अधिकारकर्मीले गाउँपालिकामा बालविवाह, बालश्रम, बालहिंसा, लागूपदार्थ दुर्व्यसनीजस्ता घटनाहरु प्रतिदिन बढ्दै गएकोमा चिन्ता व्यक्त गरेका छन् । केही दिन पहिले मनहरी-५ मा बालविवाहलाई रोक्ने उद्देश्यले बाल सञ्जालका पदाधिकारीहरुले गाउँपालिकालाई जानकारी गराउँदा पनि गाउँपालिकाले खासै चासो नदेखाएको गुनासो छ । केही दिनअघि गरिएको अनुगमनमा गाउँपालिकाका होटल तथा ग्यारेजहरुमा बालश्रम प्रयोग भएको पाइएको थियो ।

बालमैत्री शासनयुक्त पालिका घोषणा गर्न मकवानपुरका स्थानीय तहहरुले निकै सक्रियता देखाएका छन् । हालसम्म मकवानपुर जिल्लाका मनहरी, बकैया र मकवानपुरगढीलाई बालमैत्री शासनयुक्त पालिका घोषणा गरिसकिएको छ । हेटौंडा उपमहानगरपालिकालाई गत मंसिर मसान्तसम्म बालमैत्री घोषणा गर्ने तयारी गरिएको भए पनि तयारी पूरा नभएपछि बालमैत्री घोषणा हुन नकसेको हो । मंसिरसम्म बालमैत्री घोषणा गर्ने योजनासहित हेटौंडा उपमहानगरपालिकाले अभियान सञ्चालन गरेको भए पनि हालसम्म एउटा वडालाई पनि बालमैत्री घोषणा गर्न सकिएको छैन । बालमैत्री घोषणाका लागि स्थानीय तहमा ५१ वटा सूचकहरु पूरा भएको हुनुपर्छ । बालबालिकाको बाँच्न पाउने अधिकार (बाल बचाउ) सम्बन्धी १४ वटा सूचकहरु पूरा गर्नुपर्छ । यस्तै, बालबालिकाको संरक्षण पाउने अधिकार (बाल संरक्षण) अन्तर्गत् १० वटा सूचकहरु, बालबालिकाको विकास गर्न पाउने अधिकार (बाल विकास) सम्बन्धी ५ वटा र बालबालिकाको सहभागी हुन पाउने अधिकार (बाल सहभागिता) सम्बन्धी ६ वटा सूचकहरु पूरा गरेको हुनुपर्छ । यसैगरी, संस्थागत विकाससम्बन्धी १५ वटा सूचकहरु पनि पूरा भइसकेपछि बालमैत्री पालिका घोषणा गर्न सकिनेछ ।

बालमैत्री घोषणा गरिएको घोषणाको तयारी भइरहेका स्थानीय तहमा बाल बचाउ, विकास र सहभागितासम्बन्धी सूचकहरुभन्दा बाल संरक्षणसम्बन्धी सूचकहरु पूरा गर्न र त्यसलाई निरन्तरता दिन चुनौतीपूर्ण बनिरहेको पाइएको छ । बाल संरक्षणमा पनि बालविवाह र बालश्रम मुख्य चुनौती बनिरहेको तथ्यहरुले उजागर गरेको छ । बालमैत्री पालिका घोषणा गर्न तोकिएका सूचकहरु पूरा गर्नुका साथै बालमैत्री हिसाबले सेवाप्रवाह गर्नुपर्ने र विद्यालयहरुमा पनि बालमैत्री वातावरणको ग्यारेन्टी हुनुपर्नेछ । बालमैत्री घोषणाका लागि पूरा गर्नुपर्ने अधिकांश सूचक सैद्धान्तिकरुमा पूरा भएको मानिए पनि व्यवहारिकरुपमा त्यस्ता सूचक पूरा भएको मान्न सहज देखिँदैन । हतार हतार कागजीरुपमा सूचकहरु पूरा भएको देखाएर बालमैत्री घोषणा गरिए पनि व्यहारिकरुपमा बालबालिका धेरै प्रकारको अधिकारबाट वञ्चित बन्नुपर्ने अवस्था हुँदा बालमैत्री घोषणा निरर्थक बन्ने गरेको छ ।

विभिन्न अन्तर्राष्ट्रिय दातृ निकायको दवाव र प्रभावमा नेपालमा धेरै प्रकारका घोषणा हुने गरेको छ । कोठे बैठक, छलफल र गोष्ठीबाट केही थान सूचक निर्धारण गरेर केही वर्ष सामान्य गतिविधि गरेपछि सूचक पूरा भएको कागजपत्र तयार पारेर विभिन्न घोषणा गर्ने परिपाटीले निरन्तरता पाउँदासम्म यस्ता घोषणा प्रभावकारी हुन सक्दैन । पछिल्ला दुई दशकको समयमा भएका खुला दिशामुक्त, पूर्ण साक्षर, बालश्रममुक्त, बालविवाहमुक्त, पूर्ण खोपयुक्तजस्ता थुप्रै घोषणा प्रभावकारी नभइरहेको अवस्थामा बालमैत्री घोषणा पनि पूर्ण प्रभावकारी बन्न सकेको पाइँदैन । हतारिएर बालमैत्री शासनयुक्त पालिका घोषणा गरेर बेहाल बनाउनुभन्दा बालमैत्री घोषणाका लागि निर्धारित सूचक व्यवहारिक रुपमा पूरा गर्नतर्फ स्थानीय तह अग्रसर बन्नु आवश्यक छ । कागजमा पूरा भएका सूचकहरु व्यवहारिकरुपमा पूरा भएका छन् वा छैनन् भन्ने पर्याप्त अनुगमन र परीक्षण गरेरमात्र बालमैत्री घोषणा गरेमा घोषणाको सार्थकता हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : कमजोरी पत्ता लगाई अगाडि बढ्दा राम्रो ।
**वृष** : अध्ययन–अध्यापन मध्यमकारक रहेको छ ।
**मिथुन** : धार्मिक यात्रा र भेटघाटमा समय व्यतित ।
**कर्कट** : वैदेशिक कामका योगबाट लाभ प्राप्त ।
**सिंह** : भाग्यवृद्धि र पढाइमा मन जाने समय छ ।
**कन्या** : आपसी सम्बन्धमा समेत आँच आउने योग छ ।
**तुला** : लेखाइ–पढाइमा त्यति ध्यान नजाने योग छ ।
**वृश्चिक** : नियमित कामधन्धामा समय व्यतित ।
**धनु** : पढाइ–लेखाइमा अझै परिश्रम गर्नुपर्ला ।
**मकर** : प्रेम जीवनमा असहजता आइपर्ने समय छ ।
**कुम्भ** : स्वास्थ्य स्थितिप्रति ध्यान केन्द्रित राम्रो ।
**मीन** : अध्ययन–अध्यापन मध्यमकारक रहन्छ ।

# बाल बेहुलीको डरलाग्दो विश्वव्यापी तथ्याङ्कमा नेपाल





**सिर्जना बस्नेत**

रामलखन (नाम परिवर्तन) काकाको ओठमा मुस्कान प्रायः टुट्दैन । हाम्रो कार्यालयनजिकै उनको चिया पसल छ । चियापसलमा उनी र उनकी श्रीमती मात्र भेटिन्छन् । उनको बारेमा धेरै कुरा मलाई जानकारी छैन ।

कार्यालय समयमा हरेक दिउँसो साढे १ बजेतिर चिया लिएर आइपुग्ने रामलखन काका एक दिन ३ बज्दासम्म आएनन् । रङ कडा अनि चिनी कम भएको दूध चियाको मलाई बानी लागेको छ । कार्यालयमा चिया नआएपछि आफैं उनको चिया पसल तिर लागेँ । भर्खरै पसल खोलेर ठुलो कसौंडीमा दूध बसाल्दै रहेछन् । धेरै दिनदेखि तराईमा घामको अनुहार देखिएको छैन । धेरैजसो घरका आँगनमा आगो बालेको देखिन्छ । गाईवस्तुलाई मोटामोटा बोरा र लुगा बेरिएको छ, हुस्सु र शीतलहरबाट जोगाउनका लागि ।

मलाई देख्नासाथ रामलखन काकाले भने, 'भर्खर पसल खोलेको हो । आगो ताप्दै गर्नुहोस् म मिठो चिया खुवाइहाल्छु ।'

'आज किन ढिला खोल्नुभयो त पसल ?' मैले प्रश्न गरे ।

'आज छोरी देख्न आएको थियो लड्काहरू । अनि कुरो मिलाउँदा अलिक समय लागिहाल्यो ।' रामलखन काकाकी पत्नी सन्तुदेवीले भनिन् ।

मैले छोरीको पढाइ र उमेरबारे सोधेँ । भर्खर १६ लागेकी, नौ कक्षामा पढ्दै गरेकी जेठी छोरीको बिहे हुन लागेको रहेछ । आउँदो माघ १५ गते हुने भोजमा उनीहरूले मलाई पनि निम्तो दिए । छोरीको विवाहको उमेर २० वर्ष पुग्नुपर्ने र बालविवाह गर्न कानुनले रोकेको मैले उनीहरूलाई जानकारी गराएँ ।

सन्तुदेवीले भनिन्, 'हाम्रो तराईमा यस्तै हो । मेरो बिहे दस बरसमा भएको हो । अस्ति हाम्रो छिमेकीको छोरीको बिहे पनि चौध बरसमा गरेको थियो । गाउँभरिको मान्छेलाई भोज खुवाएर । सरकारी करमचारीहरू पनि आएको थियो भोज खान । खै कानुन लागेन त ? हाम्रो छोरी त सोह्र बरसको भइसकेको छ । केटा २७ बरसको छ, मलेसियामा नोकरी गर्छ । एउटै छोरा रहेछ । दहेज पनि धेरै मागेको छैन । सबै राम्रो देखेर बिहे गर्दिन लागेको जेठी छोरीको ।'

उनीहरूको निर्णयको अगाडि मैले धेरै तर्क गरिनँ । समाज रूपान्तरणको मुख्य बाधकमध्ये बालविवाह पनि एक हो । विश्वभरि कम उमेरमा विवाह गर्ने देशहरूको नामसूचीमा नेपालको पनि नाम समेटिएको छ ।

युएनएफपीए(युनिसेफ, ग्लोबल प्रोगाम (कन्ट्री प्रोग्राम-२०२०)को तथ्याङ्क अनुसार, सन् २०२० मा नेपालमा ५० लाख बाल बेहुली थिए । तीमध्ये १३ लाखको विवाह १५ वर्ष नपुग्दै भएको थियो । यद्यपि नेपालमा पछिल्लो दशकमा बाल विवाह प्रथामा कमी हुँदै आएको छ । सन् २०१६ मा भएको सर्वेक्षणमा सन् १९९१ मा ५५ प्रतिशत बालविवाह हुने गर्थ्यो भने सन् २०१६ मा यो तथ्याङ्क घटेर ४० प्रतिशतमा पुगेको छ ।

दीर्घकालीन विकास लक्ष्य (एसडीजी)- ५ ले सन् २०३० भित्र विश्वबाटै बालविवाह उन्मूलन गर्ने लक्ष्य लिएको छ तर यो लक्ष्य पूर्ण हुने देखिँदैन । यो दशकको अन्तिम अर्थात् २०३० सम्म बालविवाहलाई २७ प्रतिशतसम्ममा झार्न सकिने अनुमान गरिएको छ ।

यस तथ्याङ्क अनुसार, सन् २०२० मा बङ्गलादेश तीन करोड ८० लाख बाल बेहुलीको घर थियो । यीमध्ये १ करोड ३० लाख बाल बेहुलीको १५ वर्ष नपुग्दै बिहे भएको छ । अझै पनि बङ्गलादेशमा ५१ प्रतिशत महिलाहरूको विवाह १८ वर्षअगाडि हुने गरेको छ ।

बुर्किना फासोमा ३० लाख बाल बेहुलीहरू थिए । जसमध्ये पाँच लाख बालिकाको विवाह १५ वर्ष उमेर नपुग्दै भएको थियो । यस्तै, इथियोपियामा एक करोड ५० लाख बाल बेहुली छन् । जसमध्ये ६० लाखको विवाह १५ वर्ष नपुग्दै भएको थियो । घानामा २० लाख बाल बेहुली छन् । जसमध्ये ६ लाखको विवाह १५ वर्ष नपुग्दै भएको थियो । घानामा भने विगत तीन दशकमा बाल विवाहमा कमी आएको देखिन्छ ।

यस तथ्याङ्क अनुसार, विश्वमा सबैभन्दा धेरै बाल बेहुली भारतमा छन् । भारतमा २२ करोड ३० लाख बालबेहुली थिए, जुन विश्व तथ्याङ्कको एकतिहाइ हुन आउँछ । हरेक वर्ष भारतमा १८ वर्षभन्दा कम उमेरमै करिब १५ लाख बालिकाको विवाह हुने अनुमान गरिन्छ । यस्तै, मोजाम्बिकमा ४० लाख बाल बेहुली छन् ।

सियरा लियोनमा करिब आठ लाख बाल बेहुलीहरू छन्, तीमध्ये चार लाखको विवाह १५ वर्षअगावै भएको थियो । विगत २५ वर्षमा ३० प्रतिशत बालिकाको विवाह भएको तथ्याङ्क छ । अझै पनि २७ प्रतिशत किशोरीको कम उमेरमै विवाह हुने गरेको छ ।

विश्वको तथ्याङ्कमा रामलखन काकाकी छोरीको तथ्याङ्क समावेश भएको होला वा नहोला । तराईमा मात्र ३७ प्रतिशत बालबालिकाको १८ वर्ष नपुग्दै विवाह हुने गरेको तथ्याङ्क स्वास्थ्य मन्त्रालयको छ । रामलखन काकाकी भर्खर १६ लागेकी छोरीले कसरी घर गरेर खाालिन् ! मैले २५ वर्षको उमेरमा बिहे गर्दा त जागिरे जीवन र पारिवारिक जिम्मेवारी मिलाउन कठिन भएको छ । परिपक्व उमेर अनि स्नाकोत्तरसम्मको पढाइलाई समेत पारिवारिक उल्झनका सिक्रीले कमजोर पारिदिन खोज्छन् कहिलेकाहीँ । भर्खर फक्रिँदै गरेकी किशोरीको शरीरमा यौवन फुल्न बाँकी नै छ । दुई-चार अक्षर चिनेर आत्मालोचनाको चेत हासिल गरेकै छैन, २७ वर्षको युवाको शारीरिक आवश्यताको भोक मेटाउन ती अबोध बालिकाले कति रगतको खोला बगाउनुपर्ने होला, कलिला यौनाङ्गबाट ? यस्ता नमिठा हजारौं डर-त्रास र आक्रोशले मलाई तिरिमिरी बनायो ।

*(स्रोतः रातोपाटी)*

# भोग्नेलाई मात्रै थाहा हुन्छ सकसपूर्ण न्यायको लडाई



**जस्मिन ओझा**

न्यायको लडाइँ कति सकसपूर्ण हुन्छ, त्यो भोग्नेहरूलाई मात्रै थाहा हुन्छ । बाहिरबाट हेर्नेहरूले न्यायको खोजीमा भौंतारिइरहेकाहरूलाई विचरा मात्रै भन्ने हुन् । तर, आफ्नो जिन्दगी, सपना, रहर र खुसीहरुलाई मृत्युको नजिक पुऱ्याएर न्यायको खोजीमा भोकै तिर्खै कम्मर कसेर लड्नेहरुलाई मैले नजिकबाट नियालेकी छु ।

पितृसत्ताद्वारा गोडमेल भएर अहम् र घमण्डको चुलीमा पुगेका पुरुषको बुटद्वारा कुल्चिइएका कैयौं महिलाहरूसँग यो बीचमा मैले संगत गरेकी छु । धर्मको खोल ओढेर आस्था र विश्वासको नाममा किचिमिची पारिएका पीडितहरुलाई मैले नजिकबाट नियालेकी छु । पितृसत्ताको गन्ध आउने कानुनद्वारा पिल्सिएकाहरूसँगै म न्यायको लडाइँमा जोडिएकी छु ।

चाहे निहारिका राजपूत होऊन् या बिनु यादव । चाहे भारती मानन्धर होऊन् या आरती साह । एउटा रंगीन सपना र जिन्दगीलाई कतै थन्क्याएर उनीहरूले लडेको लडाइँको साक्षी हुँ म । यसकारणले पनि मलाई थाहा छ, न्यायको लडाइँ लड्न कस्तो खाले बडेमानको पहाड चढ्नुपर्छ । कसैको न्यायको यात्रामा कस्ता-कस्ता अड्चनहरु सृजना गरिदिन्छ यो समाज, मलाई थाहा छ ।

अहिले आफूलाई कथित लिटिल बुद्ध दाबी गर्ने रामबहादुर बम्जनले आफ्ना अनुयायीमाथि हत्या, बलात्कार गरेको र मान्छे बेपत्ता पारेको प्रसंग चर्चामा छ । तर, आजभन्दा पाँच वर्षअघि नै सतहमा आएको थियो यो मुद्दा । विडम्बना यति अगाडि जाहेरी पर्दा पनि बम्जन भर्खरै पक्राउ परेका छन् । तर, पीडितहरूले न्याय पाउलान् कि नपाउलान् ? यो प्रश्न अझै संशयपूर्ण छ ।

यदि कानुन सही तरिकाले कार्यान्वयन हुन्थ्यो भने बम्जन उहिल्यै पक्राउ परिसक्ने थिए । तर, लामो समयसम्म पीडित परिवार न्यायको खोजीमा भौंतारिइरह्यो । अहिले बम्जन पक्राउ परेपछि पनि उनीहरु न्याय पाइनेमा ढुक्क हुनसकेका छैनन् । आखिर किन ?

किनभने हाम्रो न्यायिक प्रक्रिया पीडितको पक्षमा छैन भनेर धेरै नजिरहरु छन् । हाम्रो न्यायिक प्रक्रिया कसरी पीडकको पक्षमा छ भनेर खोज्ने हो भने छुट्टै केस स्टडी हुनसक्छ । तर, म त्यहाँ जान चाहन्नँ । यस ब्लगमार्फत मैले न्यायको लडाइँ कति सकसपूर्ण छ, त्यो मात्रै केलाउन खोज्ने प्रयास गरेकी छु ।

कथित धर्मगुरु बम्जनद्वारा पीडित एक महिला २०७५ सालमा मेरो सम्पर्कमा आएकी थिइन् । मेरो सम्पर्कमा आउँदा उनी नाबालिग नै थिइन् । मैले पहिलोपल्ट भेट्दा उनको अनुहारको चमक निभेको थियो । आँखाहरु धमिला थिए । पातली ज्यानकी उनले अतिसामान्य पहिरन पहिरिएकी थिइन् । कालो सलले मोहोरेकी थिइन्, चेहरा । त्यसरी आफ्नो अनुहार लुकाउनु उनको कुनै रहर थिएन, बाध्यता थियो । बलात्कारीले भत्काएको उनको खुला संसार त्यही कालो सलभित्र लुकाएकी थिइन् ।

उनीसँग दोस्रोपटक भेट हुँदा घाम चर्किएको थियो । तर पनि उनको अनुहारमा चमक फर्किएको थिएन । यस्तो लाग्थ्यो, उनीभित्र पीडाका आभाहरु उकुसमुकुस छन् । जुन जतिबेला पनि विस्फोट हुनसक्छ ।

उनी परिवारमै फर्किन चाहन्थिन् । तर उनले 'घर न घाटको' भएको महसुस गरिरहेकी थिइन् । बम्जनको आश्रमबाट निस्केकोमा नै उनी अचम्मित थिइन् । उनीभित्र आत्मविश्वास कत्ति पनि देखिंदैनथ्यो ।

उनी कति विक्षिप्त थिइन् भन्ने कुरा शब्दमा व्यक्त गर्न असम्भव छ। र आम मान्छेले त्यो अनुमान गर्न पनि कठिन छ । उनलाई मान्छेहरुले दिने ढाडस पनि वाहियात् लाग्ने भइसकेको थियो । यद्यपि, हामीले उनको न्यायका लागि प्रयास गरिह्यौं, उनलाई साथ दिइरह्यौं । तर दुःखको कुरा, अहिले उनी बेपत्ता भएको खबर आएको छ । जति प्रयास गर्दा पनि उनीसँग सम्पर्क हुनसकेको छैन ।

उनकै विषयलाई लिएर सन् २०१८ मा सीआईएन अफिस ललितपुर, चाकुपाटमा प्रेस मिट भएको थियो । प्रेस मिट चलिरहेका बेला अचानक एउटा गाडी बाहिर रोकियो । गाडीबाट फरक-फरक भेष र कद भएका मानिसहरु हलमा प्रवेश गरे । ती मानिसहरु बम्जनका 'अन्धभक्त अनुयायीहरु' रहेछन् । तीमध्ये एउटी महिलाले आक्रामक स्वरमा सोधिन्, 'जस्मिन भन्या को हो ?'

हलभित्र भएका धेरैका आँखा ममाथि केन्द्रित भए । मेरै नाम बोलाएको हुनाले मैले आफू नै जस्मिन भएको बताएँ । ती महिलाले मलाई थर्काइन्, 'हाम्रो गुरुलाई तिमीहरुले नभएको आरोप लगाउने ?'

उनले अझै चर्को स्वरमा गुरूको बचाउ गर्दै गंगामायाको बारे सोधिन् । मैले 'थाहा नभएको' बताएँ । त्यही वेला अर्की अनुयायी आएर मेरो घाँटी अँठ्याइन् । मलाई पाँच तला माथिबाट खसाउने प्रयास गरिन् । धन्न म छेउमा एक क्यान्सर पीडित महिला हुनुहुन्थ्यो । उहाँको कारण त्यसदिन म बाँचेकी थिएँ ।

सन् २०१८ सेप्टेम्बर दोस्रो साता सञ्चारिका समूहको कार्यक्रम थियो, प्रज्ञा प्रतिष्ठानमा । उक्त कार्यक्रममा म पनि सहभागी थिएँ । कार्यक्रम सकिनु अगावै म हलबाट निस्किएँ । तर कता-कता मलाई एक खालको भय महसुस भइरहेको थियो । बम्जनका समर्थकले ममाथि गरेको हर्कतले मलाई एन्जाइटी भइरहेको थियो ।

....बाँकी पृष्ठ ३ मा

# ४ जना महिलाको पाठेघरको मुखमा समस्या

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१५ स्थित चुरियामाई माध्यमिक विद्यालयमा पाठेघरको मुखको क्यान्सर जाँच हुँदा ४ जनामा समस्या देखिएको छ। बुधबार नेपाल नर्सिङ संघ मकवानपुरको आयोजनामा भएको निःशुल्क पाठेघरको मुखको क्यान्सर जाँच गराएका एक सय ५७ जनामध्ये ४ जनामा समस्या देखिएको नेपाल नर्सिङ संघ मकवानपुरकी अध्यक्ष गंगा दहालले जानकारी दिनुभयो।

शिविरमा हेटौंडा उपमहानगरपालिकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्य रहेको थियो। नेपाल नर्सिङ संघ मकवानपुरकी अध्यक्ष गंगा दहालको अध्यक्षता र हेटौंडा-१५ का वडा अध्यक्ष सुनिल मुक्तानको आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो।

महिलाहरुको स्वास्थ्यमा ध्यान दिने उद्देश्यले कार्यक्रमको आयोजना भएको हो। संघको वार्षिक उत्सवको अवसरमा भएको शिविरमा डा. विशाल यादव र डा. निशान अर्याललगायत १७ जनाको समूहले जाँच गरेको थियो। दाहालका अनुसार संघले सय जनाको लक्ष्य बनाएको थियो। हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा भएको शिविरमा हेटौंडा अस्पतालका कार्यसमिति र नर्सिङ स्टाफको समेत सहयोग रहेको थियो। शिविरमा जँचाउन आएका महिलाहरुमा पाठेघरको मुखमा संक्रमण, महिनावारीको समस्या, आङ खस्नेलगायतको समस्या देखिएर उपचार भएको दहालले बताउनुभयो। हेटौंडा-१६ का महिलाहरुको पनि स्वास्थ्य जाँच शिविरमा सहभागिता रहेको थियो।

# राष्ट्रिय सभामा माओवादी बन्यो सबैभन्दा ठूलो पार्टी

काठमाडौंः नेकपा माओवादी केन्द्र राष्ट्रिय सभामा सबैभन्दा ठूलो पार्टी बनेको छ। बिहीबार १९ सिटका लागि भएको चुनावमा कांग्रेसका १० जना निर्वाचित भए। माओवादी केन्द्रका ५, एकीकृत समाजवादीका दुई तथा जनता समाजवादी पार्टी र नेकपा एमालेका १-१ जना निर्वाचित भए। यो चुनावी परिणामले राष्ट्रिय सभामा रहेको दलीय समीकरण फेरिएको हो।

यसअघि राष्ट्रिय सभामा कांग्रेसका १० सांसद थिए। जसमा ४ जना फागुन २० गते बिदा हुँदैछन्। बाँकी रहेका ६ जनामा बिहीबार १० जना थपिएपछि राष्ट्रिय सभामा कांग्रेस १६ सिटसहित दोस्रो ठूलो दल बन्न पुगेको छ। माओवादी केन्द्रका ५ जना निर्वाचित भएका छन्। माओवादीबाट हाल उपाध्यक्षसहित १५ जना छन्। ३ जना फागुन २० मा बिदा हुँदैछन्। थप ५ जना निर्वाचित भएकाले राष्ट्रिय सभामा माओवादी केन्द्र १७ सिटसहित सबैभन्दा ठूलो दल भएको हो।

हाल सबैभन्दा ठूलो दल रहेको भए तापनि अब राष्ट्रिय सभामा एमाले तेस्रो दल बन्नेछ। पदावधि पूरा हुने राष्ट्रिय सभाका २० सदस्यमध्ये ९ जना एमालेका परेका छन्। जसमा निर्वाचित ८ जना हुन भने एक जना राष्ट्रपतिले मनोनित गरेका सांसद छन्। निर्वाचित र मनोनित समेत गरी ९ सांसद घट्दा एमालेका एक सांसद मात्रै नयाँ अनुहार आए। फागुन २० पछि राष्ट्रिय सभामा एमाले १० सिटसहित तेस्रो दलको रुपमा रहनेछ।

हाल एकीकृत समाजवादीका ८ जना छन्। दुई जना फागुनबाट बिदा हुँदै गर्दा बिहीबार नयाँ दुई जना निर्वाचित भएकाले उसको सांसद संख्या तलमाथि भएन। जसपाकी प्रमिलाकुमारी यादवको कार्यकाल २० फागुनमा सकिँदैछ। बिहीबार एक जना निर्वाचित भएर आएकाले जसपाको राष्ट्रिय सभामा उपस्थिति यथावत छ। राष्ट्रपतिबाट मनोनित विमला राई पौड्यालको कार्यकाल सकिँदैछ। यो ठाउँमा जनमोर्चाकी दुर्गा पौडेललाई ल्याउने सत्ता गठबन्धनको तयारी छ। यसो भएमा राष्ट्रिय सभामा जनमोर्चाका दुई सांसद हुनेछन्। निर्वाचित र मनोनित समेत गरी ९ सांसद घट्दा एमालेका एक सांसद मात्रै आए। फागुन २० पछि राष्ट्रिय सभामा एमाले १० सिटसहित तेस्रो दल रहनेछ। लोसपाको पनि एक जना सांसद राष्ट्रिय सभामा छन्। यसरी माथिल्लो हाउसमा सात दलको उपस्थिति रहने छ। राष्ट्रिय सभा सदस्यका लागि बिहीबार भएको चुनावमा कोशी प्रदेशबाट कांग्रेसका कृष्ण सिटौला र एमालेकी रुक्मिणी कोइराला निर्वाचित भए। *स्रोतः अनलाइनखबर।*

## *भोग्नेलाई मात्रै थाहा...*

कार्यक्रमबाट बाहिरिएर प्रज्ञा प्रतिष्ठानको गेटनेर आइपुगें। र गेटबाट बाहिरिएँ। गेट बाहिर निस्किनेबित्तिकै एकजना व्यक्तिले पछाडिबाट मेरो मुख थुनिदिए। मैले फर्केर हेर्ने प्रयास गरें तर, त्यो व्यक्तिलाई पहिचान गर्न सकिनँ। उसको मुख सलले ढाकिएको थियो। मैले कराउने प्रयास गरें तर सकिनँ। मैले फुत्किने प्रयास गरें, सकिनँ।

उसले बेस्सरी मेरो बायाँ हात समात्यो। जब मैले गुहार माग्न थालें, तब त्यो मान्छे भाग्यो। म अत्तालिंदै सार्वजनिक बस चढेर बालकुमारी पुगें। त्यतिबेला मेरो देब्रे हातबाट रगत बगिरहेको थियो। म बेहोस भएर ढलें। होस खुल्दा म बानेश्वरको सिभिल अस्पतालको शय्यामा थिएँ।

यो घटनापछि मलाई परिवारले यस्ता घटनाहरुको मतलब नगर्न सम्झाए। आफ्नो ज्यान दाउमा राखेर अरूको न्यायका लागि बोल्न जरुरी नभएको बताए। तर, परिवारले भनेको कुरालाई मौन स्वीकृति दिए पनि मेरो सम्पर्कमा आएकी महिलाको न्यायका लागि मैले बोल्न छोडिनँ।

पीडितले त अन्याय भोगिन्, भोगिन् ममाथि पनि भौतिक हमला भएपछि त्यसको पहिचानका लागि घटना भएको स्थलको सीसीटीभी फुटेजबारे बुझ्न प्रहरीमा निवेदन दिएँ। तर, फुटेज नै देखिएन।

प्रहरीले नआत्तिन र उक्त घटनामा संलग्न व्यक्तिसँगै बम्जनको मुद्दामाथि थप अनुसन्धान गर्ने आश्वासन दियो।

त्यसपछि विभिन्न सामाजिक संजालका माध्यमबाट र अपरिचित फोन नम्बरबाट मलाई धम्की र गालीगलौज निरन्तर आइरह्यो। पीडित र पीडक बम्जनबारे केही नबोल्न र जान्ने नबन्न चेतावनीहरू आइरहे।

तर आज ६ वर्षपछि अपराधको उद्योग चलाइरहेका रामबहादुर बम्जन पक्राउ परेका छन्। उसको अपराध अदालतसम्म पुगेको छ। सम्मानित अदालतले पीडितलाई न्याय महसुस हुने गरी नै फैसला सुनाउनेछ भन्ने हामी सबैको विश्वास छ।

२०७६ सालमा बम्जनले १८ वर्षीया अनुयायीलाई दुई वर्षसम्म पटक-पटक बलात्कार गरेको आरोप लाग्यो। बम्जनमाथि सात वर्षसम्म सर्वसाधारण र परिवारका सदस्यलाई बन्धक बनाई कुटपिट गरेको अर्को आरोप पनि छ। विदेशी नागरिकलाई बन्धक बनाएको र वन क्षेत्रका विषयमा विवाद गरेको आरोप पनि छ।

२०७६ सालमा बम्जनका विभिन्न आश्रमबाट चार जना अनुयायी हराएको खुलेको थियो। तीनवटा जिल्ला प्रहरी कार्यालयमा उनी विरुद्ध निवेदन दर्ता भएका छन्। बारामा सुरेश आलेमगर, मकवानपुरमा सञ्चलाल वाइबा र फुलमाया रुम्बालाई बेपत्ता बनाएको आरोप उनीमाथि छ। नुवाकोटमा चुल्मा र कर्मा भनेर बोलाइने चिनिमायाँ तामाङलाई पनि बेपत्ता बनाएको आरोप छ।

सोच्नुहोस् त, एउटा मान्छे यतिसम्म क्रूर कसरी हुन सक्छ ? त्यो पनि कथित धर्मको खोल ओढेर ! सम्झदा मात्रै पनि आङ सिरिंग हुन्छ। अनि उनै अपराधीको अपराधलाई ढाकछोप गर्न लागिपरेका मान्छेहरु देखेर लाग्छ, हामी कस्तो डरलाग्दो अँध्यारोमा रहेछौं ? यहाँ म अन्यायमा परें भनेर बोल्नेहरुको मुख थुनिन्छ। उल्टै उनीहरूलाई लज्जित बनाइन्छ।

सोच्नुहोस् त, पीडितहरूले आफ्नो पीडासम्म सुनाउन सक्दैनन् भने यो देशमा कति त्यस्ता पीडित होलान्, जो कथित सामाजिक संरचनाको डरले पीडालाई कतै दफनाइरहेका छन्। सोच्नुहोस् त, उनीहरू भित्रभित्रै कति उकुसमुकुस भएर बाँचेका होलान् ? अनि उनीहरूको पीडामा नुनचुक छर्कन यही समाज अगाडि आइपुग्छ। हामी यो कस्तो समाजमा बाँच्न विवश भइरहेका छौं ? अब समीक्षा गर्ने वेला आएको छ। मन्दिरका पुजारी, चर्चका पास्टर, गुम्बाका रिम्पोछेलगायत विभिन्न 'धर्मगुरु'हरु हत्या, यौनहिंसा र आर्थिक अपराधमा मुछिएका घटना सार्वजनिक भइरहेका छन्। उनीहरुले धर्मलाई अपराध गर्ने 'लाइसेन्स' वा सहज माध्यमका रूपमा प्रयोग गरिरहेका छन्। यसको पछिल्लो उदाहरण हुन्, रामबहादुर बम्जन।

अहिले कथित भगवान् बम्जनलाई उनका अनुयायीहरुले साँच्चिकै भगवान् हो कि जस्तो भ्रममा पारेर हुलहुज्जत गरिरहेका छन्। पूर्वमन्त्रीसम्म उनको समर्थनमा उत्रिरहेकी छन्। यस्तो किन हुन्छ ? यो मुख्य प्रश्न हो।

उनका मात्रै होइनन् जो-कोहीका अनुयायी र फ्यानहरूले जस्तोसुकै अपराधलाई कसरी स्वीकार गरिदिन्छन्, त्यो सन्दिप लामिछाने र पल शाहको केस एउटा दरिलो केस स्टडी हो। नेपाली समाजको सबैभन्दा ठूलो विडम्बना यही हो।

कसैले अपराध गर्छ भने ऊ अपराधी करार हुनुपर्छ। गम्भीर आरोप लाग्छ भने स्वतन्त्र अनुसन्धान हुनैपर्छ। कानुनको नजरमा अपराधी ठहरिए सजाय भोग्नै पर्छ। त्यस्ता व्यक्तिलाई जयजयकार किन गर्ने ? आरोप लागेपछि त अनुयायी र फ्यानहरुले नै अनुसन्धानमा सहयोग गर्न जरुरी छ। अपराध अपराध नै हो। त्यहाँ कुनै धर्म, समुदाय, जात र लिंग जोडिनुहुँदैन। त्यसले त झन् धर्म र समुदायमाथि नै घृणा फैलाउँछ। *(स्रोतः अनलाईनखबर)*

# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

# किशोरी आमाको समाचार पढ्दै गर्दा...



अमित पहेंली
कक्षा - ९

त्यसो त हामी विद्यालयमा सँधै समाचार पत्र पढ्छौं। कक्षा ६ देखि माथि हामी सबै विद्यार्थीको हातमा दैनिक समाचार पत्र पर्ने व्यवस्था विद्यालयले मिलाएको छ। यसै क्रममा हिजो माघ ११ गतेको समृद्ध समाज राष्ट्रिय दैनिक समाचार पत्रको पहिलो पृष्ठको "छ महिनामा १४२ किशोरी आमा बने" भन्ने शिर्षकको समाचारले हाम्रो ध्यान तान्यो। अनि हामी कक्षा नौ का विद्यार्थीहरु सामाजिक शिक्षक सहित यो विषयमा छलफल गर्न थाल्यौं। समाचार पढेर यथाशक्य समाचार सम्बन्धित प्रश्नहरु तयार पार्‍यौं। त्यसपछि सबैले खोजेका प्रश्नको उत्तर खोज्न थाल्यौं।

आखिर हेटौंडा अस्पतालमा सेवा लिनेहरुको मात्रै यो संख्या हो। अन्य पनि धेरै हुन सक्छन्। यसै समाचारपत्रमा हामीले यस्तो शिर्षकको समाचार धेरै पटक पढिसकेका छौं।

जब मैले यो समाचार पढें अनि मैले थाहा पाएँ कि यो समस्या कम गर्न सरकार, उपमहानगरपालिका, संघसंस्था लाग्दा पनि प्रयास असफल भएको देखें। तब मलाई एकदम दुःख लाग्यो। विभिन्न ठाउँमा गई धेरै प्रयास गरी बालसमूह, महिला समूहलाई अभिमुखिकरण, विभिन्न घरदैलो कार्यक्रम, अन्तरक्रिया जस्ता क्रियाकलाप र संचार माध्यमबाट निरन्तर प्रचार प्रसार भएकै देखिन्छ। तर पनि यो समस्या कम हुन सकेको छैन। बालविवाह कम नभई यो समस्या कम हुँदैन। बालविवाह एक सामाजिक समस्या मात्र होइन बरु कानुनी अपराध पनि हो भनि हरेक विद्यालयमा पढाई पनि भईरहेकै छ। तर पनि किन आइरहन्छ त यो समस्या ? अनि कसरी कम गर्ने यो समस्या?

बालविवाह किन समस्या हो?

छलफलले बालविवाह विरुद्धमा हाम्रो प्रतिबद्धतामा कमी भएको निष्कर्ष निकाल्यौं। धेरैलाई बालविवाह गर्नुहुन्न भन्ने सम्मको जानकारी छ। हुँदाहुँदै पनि बालविवाह गर्दै गर्दिन। हुनै दिन्न। हुन लागेमा रोकेरै छोड्छु भनेर अटल हुँदै अघि बढ्ने आँट र दृढताको चैं हामीमा कमी भएको पाएँ।

खासगरी बालविवाह हुनुमा कमजोर आर्थिक अवस्था, अशिक्षा, अन्धविश्वास, उचित सल्लाह र मार्गदर्शनको कमी, धार्मिक अन्धविश्वास, लैङ्गिक विभेद, सामाजिक सञ्जालको गलत प्रयोग, कानुनको कमजोर कार्यान्वयन जस्ता कारण मुख्य रहेको हामीले थाहा पायौं।

अब हामी बालबालिकाले नै यो समस्याको समाधानमा अघि बढ्नुपर्छ भन्ने मलाई लाग्छ। केही मानिसहरु सोच्छन् कि सानै उमेरमा विवाह गरिदिए पुण्य प्राप्त हुन्छ। तर अर्को तर्फ उमेरमा नै उनीहरू किशोरी आमा बन्छन्। जसको कारण विभिन्न समस्या देखिन्छन्। जस्तै घर परिवारमा समस्या देखिन्छ र आमा र बच्चा दुबैको शारीरिक समस्या पनि देखिन्छ। यहि कारणले गर्दा बालविवाह एउटा समस्या बनेको हो।

हामीले बालविवाह हुनभन्दा अघि घर परिवार र विवाह गर्ने केटाकेटीलाई सम्झाउनु पर्छ। त्यस हामी समस्यालाई रोक्न हामी सबै विद्यार्थी र केटाकेटीले आ-आफ्नो घरमा भएका आमा बुवालाई सम्झाउने, छिमेकीलाई सम्झाउने बुझाउने गर्ने तथा सरकारले पनि बालविवाह जस्ता समस्या कमगर्न बनाएका कानुनलाई र निर्णयलाई पालना गर्नुपर्छ। यहि पालना नगरेकोले पनि यो समस्या कम नभएको हो भन्ने मलाई लाग्छ। यदि हामी सबै मिलेर लाग्ने हो भने यो समस्या अवस्य समाधान हुन्छ। हामीले सोचेको बालमैत्री शासनयुक्त स्थानीय तह निर्माणको सपना तबमात्र पुरा हुन्छ। अन्यथा यो ठुलो चुनौती बनेर रहने पक्का छ।

# आँखा केन्द्र भवन निर्माण सम्पन्न

समाज संवाददाता

हेटौंडाः पर्सा जिल्लाको वीरगञ्ज, लिथुवामा रहेको आँखा स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न भएको छ। गतवर्ष स्थानीय गौरीशंकर चौधरीले तिलगंगा आँखा प्रतिष्ठानलाई ३ कट्ठा ९ धुर जग्गासहित ३ कोठे भवन हस्तान्तरण गर्नुभएको थियो। सोही भवनलाई अस्पतालले पुनर्निर्माण गरी सम्पन्न गरेको हेटौंडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिनुभयो।

आँखा केन्द्र सञ्चालनमा ल्याउन सुगौली गाउँपालिकाले छलफल गरेको थियो भने स्ट्यान्डर्ड चार्टर्ड बैंकले सहयोग गरेको थियो। श्रेष्ठका अनुसार १० लाख लागतमा भवनको पुनर्निर्माण गरिएको हो। एक वर्ष अगाडि हस्तान्तरण भएको भवन औपचारिकरुपमा आगामी सञ्चालमा आउने भएको छ। स्वास्थ्य केन्द्रमा एकजना सहायक र एकजना सहयोगीले सेवा दिंदै आइरहनुभएको श्रेष्ठले बताउनुभयो।

जग्गा भाडामा चाहियो ?



हेटौँडा-५, शान्तिनगरस्थित उद्योग, वर्कसप समेत सञ्चालन गर्न मिल्ने ५ कट्ठा जमिन भाडामा दिनुपर्ने भएकोले इच्छुक व्यक्ति वा संस्थाले तुरुन्त सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

सम्पर्क नम्बर: ९८४९४५४६८३

# मानसिक तथा नसर्ने रोगसम्बन्धी अभिमुखीकरण

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा मानसिक तथा नसर्ने रोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको छ। बुधबार कैलाश गाउँपालिकाको डाँडाखर्क, कालिकाटार र नामटारमा गाउँपालिकाको महिला स्वास्थ्य स्वयम्सेविकाहरुका लागि एक दिने अभिमुखीकरण कार्यक्रम भएको कैलाश गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख सुधीर कुसवाहले जानकारी दिनुभयो।

कैलाश गाउँपालिकाको स्वास्थ्य शाखाको आयोजनामा भएको कार्यक्रममा ४२ जना स्वयम्सेविकाको सहभागिता रहेको थियो। ४२ जना स्वयम्सेविकालाई स्वास्थ्य प्रमुख सन्तोष शाह, आशाकुमारी गुरुङ झा र सर्वोद राउत गदिले मानसिक तथा नसर्ने रोगसम्बन्धी अभिमुखीकरण कार्यक्रमबारे जानकारी दिनुभएको थियो। जनचेतना बढाउने उद्देश्यले आयोजना भएको कार्यक्रम नामटार स्वास्थ्य चौकी र कटुन्जे स्वास्थ्य चौकी कालिकाटारमा सम्पन्न भएको हो।

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# वडास्तरीय फुटबलको क्वाटरफाइनल समीकरण पूरा



समाज संवाददाता

हेटौंडाः थाहा नगरपालिकामा जारी वडास्तरीय फुटबल प्रतियोगिताको क्वाटरफाइनल चरणको खेल सकिएको छ। आज शुक्रबार सेमिफाइनल चरणको खेल हुने खेलकुद विकास समिति थाहा-९, चित्लाङका अध्यक्ष अमर सिंह ठकुरीले बताउनुभयो।

थाहा नगर खेलकुद विकास समितिको आयोजना तथा वडा नम्बर ९ खेलकुद विकास समितिको व्यवस्थापनमा बुधबारदेखि सुरु भएको थाहा नगरपालिका वडास्तरीय फुटबल प्रतियोगितामा बिहीबार भएको क्वाटरफाइनल चरणको पहिलो खेल वडा नम्बर ८ र ११ बिच भएको थियो। खेलमा वडा नम्बर ११ ले वडा नम्बर ८ लाई २-० गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ। खेलको म्यान अफ द म्याच वडा नम्बर ११ का रोशन बल भएका थिए।

क्वाटरफाइनल चरणको दोस्रो खेलमा वडा नम्बर ७ ले वडा नम्बर १२ लाई ५-१ गोल अन्तरले पराजित गरी सेमिफाइनलमा प्रवेश गरेको छ। यस खेलको म्यान अफ द म्याच वडा नम्बर ७ का शुभराज गोले भएका थिए। उनले उक्त खेलमा ३ गोल गरेका थिए। क्वाटर फाइनल चरणकै तेस्रो खेलमा वडा नम्बर १ ले वडा नम्बर ४ लाई १-० गोल अन्तरले पराजित गरी सेमिफाइनलमा प्रवेश गरेको छ। यस खेलको म्यान अफ द म्याच वडा नम्बर १ का मनिष अमात्य भएका थिए।

सेमिफाइनलअन्तर्गत शुक्रबार पहिलो खेल वडा नम्बर ३ र ७ बिच र दोस्रो खेल वडा नम्बर १ र ११ का बिच हुने खेलकुद विकास समिति थाहा-९, चित्लाङका अध्यक्ष अमर सिंह ठकुरीले बताउनुभयो। माघ १३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा प्रथम हुने टिमलाई नगद १ लाख र दोश्रो हुने टिमलाई नगद ५० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने थाहा नगर खेलकुद विकास समितिका सदस्य यादवजंग रायमाझीले जानकारी दिनुभयो। प्रतियोगितामा विधागत उत्कृष्ट खेलाडीहरुलाई पनि पुरस्कारको व्यवस्था भएको आयोजकले जनाएको छ।

# जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आजबाट

समाज संवाददाता

हेटौंडाः १४ औं संस्करणको मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगिता आज शुक्रबारबाट सुरु हुने भएको छ। प्रतियोगिताअन्तर्गत् शुक्रबार कराँते र उसु हेटौंडा-४, पारिजातपथस्थित बहुउद्देश्यीय कभर्डहलमा हुने भएको हो।

कराँतेतर्फको प्रतियोगितामा महिलातर्फ ३० जना र पुरुषतर्फ ३० जना गरी जम्मा ६० जना खेलाडीहरु सहभागी हुने मकवानपुर जिल्लाका कराँते प्रशिक्षक विष्णुभक्त लामाले जानकारी दिनुभएको छ। प्रतियोगितामा महिलातर्फ ४० देखि ६० केजी तौलसम्मका र पुरुषतर्फ ४२ देखि ६० केजी तौलसम्मका खेलाडीहरुको सहभागिता रहने प्रशिक्षक लामाले बताउनुभयो। प्रतियोगितामा महिला र पुरुषको काता प्रदर्शनी गर्ने उहाँले बताउनुभयो।

यस्तै, उसु प्रतियोगितामा २५ जना खेलाडीहरुको सहभागिता रहने जिल्ला उसु संघका सचिव विश्वनाथ पाठकले बताउनुभयो। प्रतियोगितामा महिला र पुरुषतर्फ ४२ केजीदेखि ४८ केजी तौल समूहका खेलाडीहरुको सहभागिता रहने सचिव पाठकले बताउनुभयो। प्रतियोगितामा थाउलो विधातर्फ थाङसाङ, नानछवान र थाइची छवान विधामा प्रतिस्पर्धा हुनेछ भने सान्सोतर्फ ४२, ४५ र ४८ केजी तौल समूहको खेलाडीहरुबीच प्रतिस्पर्धा हुनेछ।

प्रतियोगिताअन्तर्गत् तेक्वान्दो प्रतियोगिता शनिबार हुने जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाले बताउनुभयो। तेक्वान्दो प्रतियोगितामा बागमती गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, कैलाश गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका र हेटौंडा उपमहानगरपालिकाका खेलाडीहरुको सहभागिता रहने कार्यालय प्रमुख कोइरालाले बताउनुभयो। प्रतियोगितामा महिला तर्फ ४२,४४,४६,४९ र ५२ केजी तौल समूहका खेलाडीहरुबीच प्रतिस्पर्धा हुनेछ भने पुरुषतर्फ ४५,४८,५१,५५ र ५९ केजी तौल समूहबीच प्रतिस्पर्धा हुनेछ।

आइतबारसम्म सञ्चालन हुने प्रतियोगितामा, कबड्डी र एथ्लेटिक्सलगायतका खेलहरु हुने मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्कीले जानकारी दिनुभएको छ। प्रतियोगिता आयोजनाका लागि बागमती प्रदेश खेलकुद विकास परिषद्बाट ४ लाख रुपैयाँ बजेट प्राप्त भएको अध्यक्ष खड्गीले बताउनुभयो। जिल्लास्तरीय प्रतियागितामा प्रथम हुने खेलाडीहरुलाई जिल्ला खेलकुदको नेतृत्वमा १५ दिन बन्द प्रशिक्षणमा सहभागी गराएर प्रदेशस्तरीय प्रतियोगितामा सहभागी गराइने उहाँले बताउनुभयो।

जिल्लाका खेलाडीहरुले राम्रो नतिजा प्राप्त गरुन् भन्ने उद्देश्यले यसपटक २ साता बन्द प्रशिक्षणमा राखिने उहाँले बताउनुभयो। गएको संस्करणको प्रतियोगितामा जिल्लाबाट छनोट भएका खेलाडीहरुलाई १ सातामात्र बन्द प्रशिक्षणमा राखिएको थियो। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले स्वर्ण, रजत र कास्य पदकसहित प्रमाणपत्र प्राप्त गर्नेछन्।

# सिद्धार्थ माविबाट २३८ जनाले एसईई दिँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित सिद्धार्थ माविबाट यस वर्ष २ सय ३८ जनाले एसईई दिने भएका छन्। विद्यालयले एसईईका लागि अन्तिम तयारी गराइरहेको प्रध्यानाध्यापक मोहनप्रसाद शर्माले बताउनुभयो।

एसईई दिने विद्यार्थीका लागि दैनिक विहान-बेलुका कोचिङ कक्षा हुने गरेको छ। विद्यालयले प्रत्यक शनिबार परीक्षा लिने गरेको छ भने यसअनुसार कक्षामा पढाउने गरेको उहाँले बताउनुभयो। यस तरिकाले विद्यार्थीहरुले नजानेको कुराहरु शिक्षकहरुले सजिलै थाहा पाउने र शिक्षकहरुले त्यहिअनुसार पढाउन सजिलो हुने शर्माले प्रष्ट पार्नुभयो।

पहिलेको तुलनामा विद्यार्थीहरुले पढाइप्रति ध्यान दिँदै गएका र पहिलो त्रैमासिक परीक्षाको तुलनामा दोस्रो त्रैमासिक परीक्षाको नतिजामा धेरै सुधार भएको उहाँले बताउनुभयो। विद्यालयबाट नियमित कक्षामा पढेर एक सय ४५ जना र खुलाबाट ९३ जनाले एसईई परीक्षा दिने भएका छन्। विद्यार्थीहरुको पढ्ने बानी हराएको कारणले गर्दा विद्यालयमा चुनौती आएको उहाँले बताउनुभयो। दैनिक विद्यालयमा कम विद्यार्थीमात्र उपस्थित हुने, आर्थिक विपन्नताका कारणले पनि समस्या आउने प्रध्यानाध्यापक शर्माले बताउनुभयो। शर्माका अनुसार विद्यार्थीका लागि सामाजिक प्रयत्न, जनचेतनात्मक शिक्षा, नैतिकता आचरणसम्बन्धी शिक्षा, विपन्नका लागि सरकारको विशेष कार्यक्रम आवश्यक रहेको छ।

# कृष्ण माविबाट ४८ जनाले एसईई दिँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिका-२, भैंसेस्थित कृष्ण माध्यमिक विद्यालयबाट यस वर्ष ४८ जना विद्यार्थीले एसईई परीक्षा दिने भएका छन्। विद्यालयबाट नियमिततर्फ ४६ जना र ग्रेडवृद्धितर्फ २ जना गरी ४८ जना विद्यार्थीले २०८० को माध्यमिक शिक्षा परीक्षा (एसईई) दिने भएका हुन्। विद्यालयमा गत वर्षभन्दा अहिले शिक्षकहरुको पनि राम्रो व्यवस्था भएको छ। गत वर्षको एसईई परीक्षामा ९० प्रतिशत उत्तीर्ण भएका थिए भने यो वर्ष सबै विद्यार्थीहरुलाई उत्तीर्ण गराउने उद्देश्य विद्यालयको छ। पटक-पटक परीक्षा लिने र शिक्षकलाई विद्यार्थीहरुले नबुझेको कुरा सोध्ने गरेको विद्यालयका सूचना अधिकारी कृष्णप्रसाद पौडेलले बताउनुभयो। पहिलो त्रैमासिक परीक्षाको तुलनामा दोस्रो त्रैमासिक परीक्षाको नतिजामा सुधार आएको उहाँको भनाइ छ। इसईईका लागि विद्यार्थीहरुले पनि धेरै राम्रो तयारी गरिरहेको उहाँले बताउनुभयो। एसईई दिने विद्यार्थीका लागि आइतबारबाट अतिरिक्त कक्षा सञ्चालन हुने उहाँले जानकारी दिनुभयो। पौडेलका अनुसार विद्यालयमा अभिभावक भेला गराउँदा अभिभावकहरु सबै नआउने, अतिरिक्त कक्षा सञ्चालन गर्दा विद्यार्थीहरु समयमा नआइदिने भएकाले सम्स्या हुने गरेको छ।

# ट्रकले ठक्कर दिँदा रम्तेलको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-२, लिलाचोकमा ट्रकले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा धादिङ जिल्लाको निलकण्ठ नगरपालिका-७ घर भई हाल लिलाचोक डेरा गरी बस्ने ३७ वर्षीया रस्मिता रम्तेल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बुधबार साँझ ५ बजेर ५० मिनेटको समयमा पुलचोकबाट पोखरा बसपार्क जाँदै गरेको ना ५ ख ७५०६ नम्बरको ट्रकले ठक्कर दिँदा रम्तेल गम्भीर घाइते भएकी थिईन्। घाइते रम्तेललाई उपचारका लागि जिल्ला अस्पताल लगिएकोमा उपचारको क्रममा साँझ ५ बजेर ५५ मिनेटमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

# लागुऔषध गाँजा र नगदसहित स्याङ्तान पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिका-८, गल्छीबाट प्रहरीले लागुऔषध गाँजा र नगदसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा धादिङ जिल्लाको किरानचोक-४ घर भई हाल गजुरी गाउँपालिका-८ महादेवखर्क बस्ने ४३ वर्षीय सानुकान्छा स्याङ्तान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

विशेष सुचनाको आधारमा बुधबार साँझ ५ बजेर ३० मिनेटको समयमा ईलाका प्रहरी कार्यालय पालुङबाट खटिएको प्रहरी निरीक्षकको टोलीले पैदलयात्री स्याङ्तानलाई सुरक्षाजाँच गर्दा लागुऔषध गाँजा र नगद फेला पारेको थियो। स्याङ्तानको साथबाट प्रहरीले १० किलो लागुऔषध गाँजा र ७५ हजार रुपैयाँ बरामद गरेको थियो। स्याङ्तानलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# एक वडा एक कृषि उत्पादन कार्यक्रम स्वीकृत

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकार मन्त्रिपरिषद्को बैठक बिहीबार बसेको छ। बैठकले समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० स्वीकृत गरेको छ।

मन्त्रिपरिषद्को बैठकले चेपाङ समुदायको उत्थानका लागि चिउरी र चमेरो संरक्षण कार्यक्रम सञ्चालन निर्देशिका, २०८० पनि स्वीकृत गरेको छ। यस्तै, बागमती प्रदेशस्तरीय ज्येष्ठ नागरिक नीति, २०८० र शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८० स्वीकृत गरेको छ।

बैठकले सञ्चार रजिष्ट्रारको कार्यालयका लागि भवन उपलब्ध गराउन नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरेको छ। अहिले प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय भाडाको घरबाट सञ्चालन हुँदै आइरहेको छ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# एम्बुलेन्स चालकलाई जलन पीडितको प्राथमिक उपचारसम्बन्धी तालिम

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा रहेका एम्बुलेन्स चालकहरुलाई जलनपीडितको प्राथमिक उपचारसम्बन्धी एक दिने तालिम संचालन गरिएको छ। रोट्र्याक्ट क्लब अफ मकवानपुरको आयोजना तथा कीर्तिपुर अस्पताल काठमाडौंको प्राविधिक सहयोगमा तालिम संचालन गरिएको हो। रोटरी क्लब अफ मकवानपुर, नेपाल यातायात स्वतन्त्र मजदुर संगठन एम्बुलेन्स इकाई कमिटी, हेटौंडा मकवानपुरको सहयोगमा भएको तालिममा १५ जना एम्बुलेन्स चालकहरुको उपस्थिति रहेको थियो।

कार्यक्रममा कीर्तिपुर अस्पतालका सिनियर कार्यक्रम म्यानेजर हेमन्तध्वज जोशी र नेशनल फिल्ड संयोजक कैलाश खाकी श्रेष्ठले तालिमको सहजीकरण गर्नुभएको थियो। उनीहरूले आगोले पोल्ने समस्या बारे रोकथाम, आगोले पोलेमा गरिने प्राथमिक उपचार र बच्ने उपाय बारे प्रशिक्षण दिएका थिए। पोलेका घाउको समस्या हुँदा धेरै महँगो उपचार, लामो समय अस्पतालमा भर्ना भएर बस्नु पर्ने, ज्यान समेत जान सक्ने र मृत्यु भएन भने पनि अंगभंग र कुरुप हुने जस्ता समस्या हुने उहाँले बताउनुभयो।

प्रत्येक वर्ष जलनको बिरामी बढ्दै गएको र नेपालमा आगोले पोलेको समस्याको ५६ हजार बिरामी रहेको र २ हजार २ सयको मृत्यु नै हुने गरेको डाक्टर जोशीले जानकारी दिनुभयो। रोट्र्याक्ट क्लब मकवानपुरका अध्यक्ष राजन कटुवालको सभाध्यक्षतामा भएको कार्यक्रममा कीर्तिपुर अस्पतालका वरिष्ठ कार्यक्रम व्यवस्थापक हेमन्त ध्वज जोशी, राष्ट्रिय संयोजक कैलाश खाकी श्रेष्ठ, रोटरी क्लब अफ मकवानपुरका सचिब मनोज ढोडारी, रोटरी क्लब अफ मकवानपुरका कोषाध्यक्ष पवन तिमल्सिना, नेपाल यातायात स्वतन्त्र मजदुर संगठन एम्बुलेन्स इकाई कमिटी हेटौंडाका अध्यक्ष जनार्द्धन नेपाल, रोट्र्याक्ट क्लब अफ मकवानपुरका निवर्तमान अध्यक्ष प्रदिप कुमार राई लगायतको उपस्थिति रहेको थियो।

# शहीद सप्ताहअन्तर्गत् वडाका वृद्धवृद्धाहरुलाई सम्मान

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११ स्थित शहीद स्मारकमा जारी शहीद सप्ताहअन्तर्गत् वृद्धवृद्धाहरुलाई सम्मान गरिएको छ। सप्ताहको दोस्रो दिन बिहीबार स्मारक व्यवस्थापन समिति र हेटौंडा-११ को संयुक्त आयोजनामा वडाभित्रका वृद्धवृद्धाहरुलाई सम्मान गरिएको हो।

वडाभित्रका ८० वर्षभन्दा माथिका १ सय जना वृद्धवृद्धाहरुलाई सम्मानपत्रसहित सम्मान गरिएको शहीद स्मारकका व्यवस्थापक रामचन्द्र न्यौपानेले जानकारी दिनुभयो। वृद्धवृद्धाहरुलाई बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल र हेटौंडा-११ की वडाध्यक्ष जुना दाहाललगायतले सम्मानपत्र प्रदान गर्नुभयो।

बिहीबार नै कृषि, हस्तकला तथा पर्यटकीय वस्तुहरुको प्रवर्द्धन मेलाको शुभारम्भ गरिएको व्यवस्थापक न्यौपानेले बताउनुभयो। मेलामा ३२ वटा स्टलमा वडाभित्र उत्पादन भएका कृषि सामग्री र पर्यटकीय वस्तुहरु राखिएको उहाँले बताउनुभयो। सप्ताहको पहिलो दिन बुधबार शहीद स्मारक क्षेत्रमा बुद्धपार्क उद्घाटन गरिएको थियो।

सप्ताहअन्तर्गत् शुक्रबार वडास्तरीय नृत्य प्रतियोगिता हुने व्यवस्थापक न्यौपानेले बताउनुभयो। प्रतियोगिता बिहान ११ बजेबाट सुरु हुनेछ। यस्तै, शनिबार रक्तदान कार्यक्र र 'शहीद र मदन भण्डारीको सपना साकार पार्नका लागि नवयुवाको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगिता हुनेछ।

यस्तै, माघ १४ गते आइतबार वडास्तरीय वक्तृत्वकला प्रतियोगिता, माघ १५ गते सोमबार राष्ट्रिय कलाकारहरुको सांस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण र शिक्षक खुला दौड प्रतियोगिता तथा अन्तिम दिन माघ १६ गते प्रभातफेरी, शहीदप्रति सलामी, श्रीचन्द्र शर्मा स्मृति सम्मान पुरस्कार वितरण, प्रवचन तथा समापन कार्यक्रम हुनेछ।

**वडावासीहरूमा जानकारीका लागि अनुरोध**

नेपालको संविधान भाग – ३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४, र बालबालिका सम्बन्धी ऐन, २०७५, समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानून बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं। साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तैः मोटर ग्यारेज, होटल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन, सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ। नगर भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यवहोरा पनि जानकारी गराईन्छ।

नरनाथ सुवेदी
वडा अध्यक्ष तथा
१९ नम्बर वडा कार्यालय परिवार
हेटौंडा उपमहानगरपालिका

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ